# संघीय संसद

# प्रतिनिधि सभा

# शिक्षा तथा स्वास्थ्य समिति

## मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा समितिको प्रतिवेदन

१. मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा रहेका "उच्च प्राविधिक तथा अन्य विधाका आदर्शवान जनशक्ति, वैज्ञानिक तथा विचारकहरूको" भन्ने शब्दहरुको सट्टा "उच्च प्राविधिक, वैज्ञानिक र विचारकहरूको" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको दफा ३ को,-

(१) उपदफा (१) मा रहेका "विज्ञान तथा प्रविधि, मानविकी तथा सामाज शास्त्र, व्यवस्थापन, कानून र न्याय लगायतका विषय र क्षेत्रमा मुलुकभित्र विश्वस्तरीय" भन्ने शब्दहरुको सट्टा "मूलतः विज्ञान तथा प्रविधिका विषय र क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने सक्षम" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) संरक्षक समितिले तोकेको स्थानमा विश्वविद्यालय रहनेछ।"

(३) उपदफा (४) र (५) झिक्ने।

३. विधेयकको दफा ६ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने :-

"(ख) बढीमा पाँच जना उपाध्यक्ष,"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने :-

"(ग) अन्य पदाधिकारीहरू।"

४. विधेयकको दफा ७ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (क) भन्दा अघि देहायका खण्ड (क) र (ख) थपी त्यसपछिको खण्डक्रम मिलाउने :-

"(क) विश्वविद्यालय रहेको प्रतिनिधि सभाको निर्वाचन क्षेत्रबाट पहिलो हुने

निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्य - सदस्य

(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य"

(ख) खण्ड (क) अब कायम हुने खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने :-

"(ग) सचिव, मन्त्रालय - सदस्य"

(ग) खण्ड (ग) अब कायम हुने खण्ड (ङ) मा रहेको "प्राध्यापकहरुमध्येबाट" भन्ने शब्दपछि "एकजना महिलासहित" भन्ने शब्दहरु थप्ने।

(घ) खण्ड (ङ) अब कायम हुने खण्ड (छ) मा रहेको "व्यक्तिहरुमध्येबाट" भन्ने शब्दपछि "एकजना महिलासहित" भन्ने शब्दहरु थप्ने।

(ङ) खण्ड (ञ) अब कायम हुने खण्ड (ठ) मा रहेका "कम्तीमा दुई जना महिला सहित चार जना" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरु राख्ने।

(च) साविकको खण्ड (ट) झिक्ने।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) उपदफा (२) को खण्ड (ङ), (च), (छ), (ज), (झ), (ट) र (ठ) बमोजिमका संरक्षकहरूको मनोनयन संरक्षक समितिले गर्नेछ।"

(३) उपदफा (६) मा रहेका "खण्ड (ग), (घ), (ङ), (च), (छ) र (झ)" भन्ने शब्दरुको सट्टा "खण्ड (ङ), (च), (छ), (ज), (झ) र (ट)" भन्ने शब्दहरु राख्ने।

(४) उपदफा (१०) मा रहेका "खण्ड (ग), (घ), (ङ), (च), (छ), (झ) र (ञ)" भन्ने शब्दरुको सट्टा "खण्ड (ङ), (च), (छ), (ज), (झ), (ट) र (ठ)" भन्ने शब्दहरु राख्ने।

(५) उपदफा (१३) को सट्टा देहायको उपदफा (१३) राख्ने :-

"(१३) उपदफा (३) बमोजिम मनोनीत नेपाली नागरिक संरक्षकहरुमध्येबाट संरक्षक समितिले सभापति छनोट गर्नेछ।"

(६) उपदफा (१४) मा रहेका "खण्ड (ग), (घ), (ङ), (च), (छ), (झ) र (ञ)" भन्ने शब्दरुको सट्टा "खण्ड (ङ), (च), (छ), (ज), (झ), (ट) र (ठ)" भन्ने शब्दहरु राख्ने।

५. विधेयकको दफा १० को उपदफा (२) को,-

(१) खण्ड (ग) मा रहेको "मनोनीत" भन्ने शब्दपछि "कम्तीमा एक जना महिलासहित" भन्ने शब्दहरु थप्ने।

(२) खण्ड (घ) मा रहेको "मनोनीत" भन्ने शब्द पछि "कम्तीमा एक जना महिलासहित" भन्ने शब्दहरु थप्ने।

६. विधेयकको दफा ११ को,-

(१) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्ने :-

"(घ) कार्यकारी परिषद्मा दफा ५ को खण्ड (घ) बमोजिमका निकायको प्रमुखहरुमध्येबाट संरक्षक समितिले मनोनीत गरेका दुई जना - सदस्य"

(२) उपदफा (३) झिकी त्यसपछिको उपदफाक्रम मिलाउने।

७. विधेयकको दफा १२ को,-

(१) उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राख्ने :-

"(२) यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र संरक्षक समितिले दफा १३ बमोजिमको प्रकृया पूरा गरी अध्यक्ष नियुक्त गर्नेछ।"

(२) उपदफा (३) मा रहेका "उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) बमोजिम" भन्ने शब्दहरु राख्ने।

८. विधेयकको दफा १३ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राख्ने :-

"(ख) विज्ञान तथा प्रविधि विषयका वरिष्ठ प्राध्यापकहरूमध्येबाट एक जना - सदस्य

(ग) विश्वस्तरीय विश्वविद्यालयका अध्यक्ष वा उपाध्यक्षको कार्य अनुभव भएका व्यक्तिहरूमध्येबाट एक जना - सदस्य"

९. विधेयकको दफा १४ को उपदफा (१) को खण्ड (च) पछि देहायका खण्ड (छ) र (ज) थपी त्यसपछिको खण्डक्रम मिलाउने :-

"(छ) विश्वविद्यालयमा आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने वा गराउने,

(ज) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने वा गराउने,"

१०. विधेयकको दफा १५ को सट्टा देहायको दफा १५ राख्ने :-

"१५. <u>उपाध्यक्ष तथा अन्य पदाधिकारीको नियुक्ति, सेवाका शर्त र सुविधाः</u> (१) उपाध्यक्ष तथा अन्य पदाधिकारीको नियुक्ति संरक्षक समितिबाट हुनेछ।

(२) उपाध्यक्ष तथा अन्य पदाधिकारीको योग्यता, सेवाका शर्त र सुविधा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

११. विधेयकको दफा १६ को,-

(१) उपदफा (१) मा रहेका "वस्तुपरक" भन्ने शब्द झिक्ने।

(२) उपदफा (२) मा रहेका "छानविन गर्न" भन्ने शब्दहरु पछि "एक्काइस दिनभित्र" भन्ने शब्दहरु थप्ने।

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) उपदफा (२) बमोजिमको छानविन समितिले छानविन गर्दा अध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको, इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको देखिएमा निजलाई पदबाट हटाउन सो समितिले छानविन कार्य प्रारम्भ गरेको मितिले एक महिनाभित्र सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (४) पछि देहायको उपदफा (५) थपी त्यसपछिको उपदफाक्रम मिलाउने :-

"(५) उपदफा (४) बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गर्न नसकेमा छानविन समिति स्वतः विघटन हुनेछ।"

(५) उपदफा (७) अब कायम हुने उपदफा (८) मा रहेका "नब्बे दिनभित्र" भन्ने शब्दहरुको सट्टा "साठी दिनभित्र" भन्ने शब्दहरु राख्ने।

१३. विधेयकको दफा २० को उपदफा (२) मा रहेका "अनुसन्धान, प्राज्ञिक, साँस्कृतिक वा समाज सेवाको क्षेत्रमा" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान र प्राज्ञिक क्षेत्रमा" भन्ने शब्दहरु राख्ने।

१४. विधेयकको दफा २८ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राख्ने :-

"(क) विज्ञान तथा प्रविधि वा व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट एकजना - अध्यक्ष

(ख) विश्वस्तरीय विश्वविद्यालयको संरक्षक समितिको सदस्यको कार्यअनुभव भएका विज्ञहरू वा अर्थशास्त्रको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट एकजना - सदस्य

(ग) समाजमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट एकजना - सदस्य"

१५. विधेयकको दफा २९ को सट्टा देहायको दफा २९ राख्ने :-

"२९. **<u>बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारः</u>** (१) विश्वविद्यालयले गरेको आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिमको बौद्धिक सम्पत्तिको उपयोग बापत सम्बन्धित अध्यापक वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोके बमोजिमको सेवा वा सुविधा प्रदान गर्न सक्नेछ।"